# रोहिणी गाउँपालिकाको व्यवसाय दर्ता ऐन ,२०८१

प्रस्तावनाः

व्यापार र उद्योग व्यवसायिको व्यवसाय दर्ता र तत्सम्बन्धि अरु व्यवस्था गरी सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम गरी राख्न वाञ्छनीय भएकोले,
स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम रोहिणी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई लागु गरेको छ।

१. नाम र प्रारम्भः (१) यस ऐनको नाम "रोहिणी गाउँपालिकाको व्यवसाय दर्ता ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) "व्यवसाय" भन्नाले रोहिणी गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ५ को अनुसूची ४ मा उल्लिखित व्यापार, व्यवसाय र पेशा सम्झनुपर्छ र यो शब्दले गाउँपालिकाको गाउँ परिषद्ले तोकेको व्यवसायको किसिमलाई समेत वुझाउँदछ ।

(ग) "गाउँपालिका" भन्नाले रोहिणी गाउँपालिका सम्झनुपर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रोहिणी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले रोहिणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय र सो मातहतमा रहेको वडा कार्यालयलाई समेत जनाउँदछ ।

(च) "शाखा" भन्नाले राजश्व शाखालाई सम्झनुपर्छ ।

३. व्यवसाय दर्ता गरी व्यवसाय संचालन गर्नुपर्नेः रोहिणी गाउँपालिका क्षेत्रभित्र कुनैपनि व्यवसाय संचालन गर्नु अघि प्राइभेट फर्म दर्ता नियमावली, २०७६ को दफा ८ को उपदफा १ बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ।

४. <u>व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने</u>: (१) गाउँपालिको क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची—१ मा उल्लेखित ढाँचाको दरखास्तफाराम कार्यालयमा दिन सक्नेछ । यस्तो दरखास्त फाराममा देहायका कुराहरु खुलेको हुनुपर्छः—

क) व्यवसायको नाम र ठेगाना ।

ख) व्यवसायको प्रकृतिः उद्योग, व्यापार, सेवा, पेशा ।

ग) व्यवसायले कारोबार गर्ने मुख्य वस्तु र सेवा ।

घ) लगानी ।

ङ) व्यवसायीको नाम, ठेगाना र बाबु, बाजेको नाम ।

च) व्यवसाय रहने घरधनी /जग्गाधनीको नाम

छ) व्यवसायीको नागरिकता वा स्थानीयकर इजाजत नं.

ज) अन्यत्र व्यवसाय दर्ता भएको भए सोको विवरण र दर्ता प्रमाणपत्र नम्बर

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरी निर्धारण भए बमोजिमको वार्षिक कर एवं अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नुपर्नेछ ।

(३) माथि उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि सम्बन्धित कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूचि—२ बमोजिमको व्यवसाय कर दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची—३ को ढाँचामा व्यवसाय कर दर्ता प्रमाण पत्र उपलव्ध गराउँनु पर्नेछ ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन र थप कारोबार गर्नु पर्ने भएमा नियमानुसार लाग्ने दस्तुर तिरी मुख्य व्यवसायको शाखा व्यवसाय भनी दर्ता गराउनु पर्नेछ ।

५. <u>व्यवसायको नविकरण गर्नुपर्ने</u>: दफा ४ बमोजिम दर्ता भएको व्यवसाय प्रत्येक आर्थिक वर्षमा नियमानुसार लाग्ने दस्तुर तिरी प्रत्येक आर्थिक वर्षको लागि व्यवसाय नविकरण गर्नु पर्नेछ अन्यथा नियमानुसार व्यवसाय बिलम्व दस्तुर लाग्नेछ।

६. <u>विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने</u>: (१) दफा ४ बमोजिम व्यवसाय दर्ताको लागि पेश गरिएको निवेदनमा उल्लेखित विवरणहरुमध्ये केही कुरा हेरफेर गर्नुपर्ने भएमा १५ दिनभित्र सोको जानकारी कार्यालयमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ समेत गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

(३) व्यवसायको प्रकृति तथा सेवाको किसिम तथा व्यवसायको नाम आदि परिवर्तन गर्नुपरेमा नयाँ प्रकृतिको व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्ने छ।

७. <u>साझेदार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्नेः</u>

(१) एक व्यक्ति वा एक भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखी सम्वन्धित वडामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवदेन परेमा सम्बन्धित वडा कार्यालयले आवश्यक जाँचबुझ गरि गाउँपालिकामा सिफारिस गर्नुपर्नेछ।

(३) गाउँपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको पेशा व्यवसाय गाउँको अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्बन्धित वडा कार्यालयलाई जानकारी गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाउँसारी जनाई लगत खारेज गुर्नपर्नेछ ।

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

(६) उपदफा (३) बमोजिम ठाँउसारी गर्न चाहने व्यवसायीले ठाँउसारी भई जाने व्यवसाय रहने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचवुझ गरी सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।

(७) यस उपदफा बमोजिम ठाउँसारी भईआउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ।

८. <u>कार्यालयले विवरण माग गर्न, निर्देशन दिन र अनुगमन गर्न सक्नेः</u> (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा वुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध गराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलमा अनुगमन गरी आवश्यक जाँचवुझ गरी निर्देशन दिन सक्नेछ ।

(३) यस ऐन बमोजिम दर्ता भएका पेशा, व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्वन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ ।

९. <u>व्यवसाय सञ्चालनको अनुमति लिनु पर्नेः</u> (१) गाउँपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायवाट प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने भएमा तत् निकायबाट समेत अनुमति लिई व्यवसाय संचालन गर्नु सम्वन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

१०. <u>व्यवसाय दर्ता खारेज गर्न सकिनेः</u> (१) यस ऐन बमोजिम व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।

(२) यस ऐन बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिब कारण खोली व्यवसायीले सम्वन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय सञ्चालनमै रहेको मानी कर निर्धारण गरी कर असुल उपर गरिनेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लागत कट्टा वापत लिईने सेवा शुल्क समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ ।

(५) प्रचलित कानून विपरितको कारोबार गरेमा वा पेशा व्यवसाय संचालन गरेमा, कार्यालयले दिएको निर्देशन उलंघन गरेमा कार्यालयले बाँकी बक्यौता कर तथा जरिवाना असुल गरी व्यवसायको दर्ता खारेज गर्नेछ ।

(६) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(७) यस ऐन अन्तर्गतको उपदफा (५) बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा सम्वन्धित व्यवसायीको नाममा गाउँपालिकामा ३ वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरी संचालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ । साथै त्यस्ता व्यवसायीको विवरण सार्वजनिक गरिनेछ ।

११. <u>जरिवाना तथा थप दस्तुर लाग्नेः</u> (१) यस ऐनमा तोकिएको समयभित्र व्यवसाय दर्ता र नविकरण नगर्ने व्यवसायीलाई नियमानुसार लाग्ने दस्तुरमा गाउँपालिकाको आर्थिक ऐन बमोजिम व्यवसाय बिलम्व जरिवाना लगाई व्यवसाय दर्ता र नविकरण गर्नुपर्नेछ ।

१२. <u>प्रतिलिपि दिने सक्नेः</u> व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा कार्यालयले आवश्यक जांचवुझ गरी प्रतिलिपि दस्तुर लिई नयां प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

१३. <u>व्यवसाय संचालन नभएको सिफारिस दिन सक्नेः</u> प्रचालित कानून बमोजिम दर्ता भएका व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्वन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा प्रमाणित भएमा माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सकिनेछ ।

१४. <u>व्यवसाय दर्ता तथा नविकरण नगरी संचालन गरेमा कारबाहि हुनेः</u> (१) प्रचलित कानून र यस ऐन बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्रभित्र संचालन गरेको पाईएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई १५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको मितिले १५ दिनभित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा गाउँपालिका बाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु वन्द गरिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिनाभित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा कार्यालयले व्यवसायीको व्यवसाय वन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

१५. <u>वाधा अडकाउ फुकाउने अधिकारः</u> (१) यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

(२) प्रचलित ऐन, नियम र यस ऐनको मूलभूत कुरालाई असर पर्ने गरी उपदफा (१) बमोजिमको वाधा फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

(३) यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

विद्या प्रसाद यादव
अध्यक्ष